Received Date: April 2023 Revised: May 2023 Accepted: June 2023

# राणाकालीन नेपालको तालुकदारी व्यवस्था

**तेजबहादुर के.सी.**
सह-प्राध्यापक महेन्द्र बहुमुखी क्याम्पस, त्रि.वि. नेपालगञ्ज
Email : tejbdrkc243@gmail.com
Doi : https://doi.org/10.3126/ppj.v3i01.59047

**लेखसार**

*नेपाल एउटा भूपरिवेष्टित, अधिकांश भू-भाग पहाडी स्वरूपमा बनेको देश हो । संसारको सबैभन्दा अग्लो हिमालदेखि समथर मैदानसम्मका सबै भौगोलिक स्वरूपमा बनेको यस देशमा बसोवास गर्ने अधिकांश मानिसहरूको जीविकोपार्जनको मुख्य श्रोत कृषि हो भने देशको राष्ट्रिय आय आर्जनको मुख्य श्रोत पनि जमिन नै हो । राष्ट्रिय आयको मुख्य श्रोत मानिएको भूमिकर जनताबाट असुलउपर गर्ने नेपालको सनातन प्रचलन नै हो । भूमिकर सङ्कलन प्रकृयालाई प्रभावकारी वनाउन शासकहरूले समय समयमा फरक फरक प्रकारका प्रशासनिक तौरतरिका प्रचलनमा ल्याउने गरेको देखिन्छ । यसै सन्दर्भमा यहाँ भूमिकरलाई प्रभावकारी ढङ्गले सङ्कलन गर्न राणा प्रधानमन्त्री चन्द्र शमसेरले लागु गरेको तालुकदारी व्यबस्था पनि एक हो । तालुकदारी व्यवस्था पहाडी क्षेत्रको भूमिकर सङ्कलनसँग सम्वन्धित व्यवस्था हो । यस व्यवस्थाभित्र दुईवटा पद विभाजन गरी अलगअलग कार्यक्षेत्र निर्धारण गरिएको थियो । पहाडी क्षेत्रमा रहेको पाखो जग्गा जहाँ पानीमा हुने धान खेती हुँदैन त्यसको भूमिकर सङ्कलनको जिम्मेवारी पाएको ब्यक्तिलाई मुखियाको पदवी दिइएको थियो भने धान खेतको कर सङ्कलनको जिम्मेवारी पाएको व्यक्तिलाई जिम्मुवालको पदवी प्रदान गरिएको थियो । यी दुवै पदमा नियुक्त पदाधिकारीरुको नियुक्ति, कामगर्ने कार्यालय र कामको प्रकृति हेर्दा जुन विशेषता देखिन्छन् त्यो विशेषता अरू कुनै पदाधिकारीहरूमा पाइँदैन । यो व्यवस्था नेपालमा भ्ण्डै भ्ण्डै पञ्चायती व्यवस्थाको अन्त्यसम्म नै अस्तित्वमा रहेको देखिन्छ ।*

**मुख्य शब्दावलीहरू** : तालुकदार, मुखिया, जिम्मुवाल, अमानत, किपट, पजनी ।

## परिचय

जननी र जन्मभूमि उत्पत्ति र अस्तित्वका आधार हुन् । जननीले जन्म दिने र जमिनले जिवित राख्ने काम गर्दछन् । यो मतान्तररहित विश्वव्यापी मान्यता हो । अझ नेपालजस्तो देशमा जमिनको भूमिका अन्य क्षेत्रसँग अतुलनीय रहेको छ । जनताको जिविकोपार्जनको प्रमुख आधार जमिन हो भने राज्य सञ्चालनको लागि आवश्यक पर्ने धनराशी प्राप्तिको प्रमुख श्रोत पनि भूमि नै हो । सरकारले भूमिलाई विभिन्न मापदण्डको आधारमा वर्गीकरण गरी भूमिकर निर्धारण गर्ने गर्दछ । यसरी निर्धारण गरेको भूमिकरलाई निश्चित नीति बनाई तोकिएका व्यक्तिहरूद्वारा कर सङ्कलन गरी राज्यकोषमा जम्मा गर्ने व्यबस्था मिलाएको हुन्छ । यस्तो जमिनको कर व्यवस्था अन्तरगतको एक व्यवस्था हो तालुकदारी व्यवस्था । आफ्नो शासनकालको केही वर्षसम्म कायम रहेको अमाली प्रथालाई खारेज गरी राणा प्रधानमन्धी चन्द्रशमशेरले त्यो व्यवस्था लागु गरेका थिए । तालुकदारी व्यवस्था पहाडी जिल्लाहरूको भूमिकर सङ्कलनसँग सम्वन्धित व्यवस्था हो (पाण्डे, २०२२ : ५३) । तालुकदारी व्यवस्थाको महत्त्व नेपालको सामाजिक, आर्थिक र राजनैतिक इतिहासमा अविस्मरणीय रहेको छ । राष्ट्रिय आयआर्जनमा भूमिको योगदान, समय-समयमा गरिएको भूमिको वर्गीकरण व्यवस्था, करसङ्कलन गर्न राज्यले अवलम्वन गर्ने गरेका नीति तथा योजनाहरू, मुखिया, जिम्मुवाल पदको प्रकृति जस्ता कुराहरूका वरेमा खोज अध्ययन गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ ।

**अध्ययन विधि**

यो अध्ययन गुणात्मक विधिमा अधारित रहेको छ जसमा सहायक स्रोतहरूको प्रयोग गरिएको छ । यसमा सामेल गरिएका विषयवस्तुहरू विभिन्न पुस्तक, अभिलेख तथा कार्यालय प्रयोजनका लागि तयार गरिएका रेकर्डहरूबाट सङ्कलन गरी सकेसम्म दुई वा दुईभन्दा बढी श्रोतहरूको समर्थनमा विश्वसनीय बनाउने प्रयास गरिएको छ । लेखलाई व्याख्यात्मक र विश्लेषणात्मक विधिका माध्यमबाट तयार पारिएको छ । अतः यस अध्ययनमा पुस्तकालय श्रोतको प्रयोग गरी सैद्धान्तिक विधिमा प्राप्त द्वितीय श्रोतका सामग्रीको उपयोग गरी अध्ययनलाई सम्पन्न गरिएको छ ।

**भूमिकर सङ्कलन व्यवस्था :**

तलुकदारी व्यवस्था राणाकालीन पहाडी भूमिकर सङ्कलन प्रकृयासँग सम्बन्धित व्यवस्था हो । ग्रामीण क्षेत्रमा कर सङ्कलन गर्ने काम तालुकदारको हुन्थ्यो । यो व्यवस्थामा दुई मुख्य पदवालाहरू मुखिया र जिम्मुवाल नियुक्त गरी भूमिकर सङ्कलन गर्ने व्यवस्था गरिएको हुन्थ्यो । ती दुई पदाधिकारीहरूलाई एकै शब्दमा बुझाउन तातुकदार भन्ने गरिन्थ्यो । तालुकदारहरू आफ्नै घरमा बसी काम गर्ने भएकाले घर नै कार्यालयको रूपमा उपयोग गर्ने गरिन्थ्यो । भीमसेन थापाको समयदेखि वीरशमशेरको समयसम्म देशको भूमिकर नीतिमा कुनै परिवर्तन गरिएको थिएन । सुगौली सन्धीको समयमा नेपाल सरकारले भारतस्थित कम्पनी सरकारसँग तराई क्षेत्र दिएवापत प्रतिवर्ष २ लाख लिन खोजेको जग्गाबाट भीमसेन थापाले रु १० लाख मालपोत उठाउन सकेका थिए (यादव, २०४६) । वीर शमशेरको समयमा पहाडको मालपोत अमालीबाट र मधेशको जमिनदार, गुमस्ता, चौधरी, महलदार, मुकदमा र जेठा रैतीबाट असुलउपर गर्ने गरिन्थ्यो (शतिसकुमार सन् १९७६ : १०९) । यो व्यवस्था उनले तत्कालीन समयको समाजको बनावट र अवस्थालाई मध्येनजर गरी लागु गरिएको थियो ।

जङ्गबहादुर राणाले राजश्व ठेक्काको रूपमा वा जमिनदारबाट ठेकेका रूपमा उठाउने गरेका थिए भने रणोद्विपसिंहले जनता (रैती) बाट प्रत्यक्ष रूपमा मालपोत अशुल गर्ने व्यवस्था गरेको पाइन्छ । यसरी जंगवहादुर र रणेद्विप सिंहको समयमा अलग अलग भूमिकर सङ्कलन व्यवस्था नेपाली समाजमा विद्यमान रहनुको प्रमुख कारण बदलिँदो सामाजिक परिवेश र शासकको शासकीय सोंचमा देखिएको भिन्नता भएको पाइन्छ ।

यसरी चलिरहेको मालपोत सङ्कलन नीतिमा वि.सं.१९६४–१९७४ सालमा पहाड मधेशका मालपोत सम्बन्धी प्रशासनिक व्यवस्थामा ठूलो परिवर्तन गरिएको थियो । पहाडतर्फ अमाली प्रथा खारेज गरी तालुकदारी प्रथा सुरु गरिएको थियो (पाण्डे, ५३) । जुन तालुकदारी व्यवस्था चन्द्रशमशेरले केवल पहाडी जिल्लाको मालपोत सङ्कलन गर्ने उद्देश्यमा मात्र सीमित भई गरेका थिए । तर त्यो व्यवस्था त्यतिमा मात्र सिमित नरहेर तालुकदार पदमा नियुक्त व्यक्तिहरू झण्डै झण्डै राजाका प्रतिनिधि जस्तै भई पञ्चायती व्यवस्थाको अन्त्यसम्म अस्तित्वमा रहेका थिए । यो व्यवस्थाले नेपालको इतिहासमा आफ्नो नाम स्थापित गर्दै चन्द्रशमसरलाई पनि चर्चित बनाएको थियो । ‘चन्द्रशमशेरले नै नेपालको जमिनलाई नापजाँच गरी उब्जनिका आधारमा कर असुल गर्ने व्यवस्था मिलाएका थिए । यसका अतिरिक्त माझ किरातको किपट जग्गा र अन्य केही जिल्लाको जागिर जग्गा रैकरमा परिणत गर्ने कार्यसमेत गरेका थिए (शर्मा कंडेल, २०४८ : २९४) । यसरी किपट र जागिर जग्गालाई रैकरमा परिणत गर्दा भूमिकरमा पनि वृद्धि हुनु स्वभाविकै थियो ।

खेततर्फको तिरोको जिम्मा जिम्मुवाललाई र पाखोको जिम्मा मुखियालाई सुम्पिने व्यवस्था गरियो । जमिनको वर्गीकरण गरी हले, पाटे, कोदाले अथवा बीचको किसिमबाट र जताततै छोटो जञ्जिरले जमिन नापो गरी मालपोत निर्धारण गरियो । अधिराज्यभर जमिनको नयाँ मोठ (नापी) भएको सालको जम्मा लगतबाट तिरो उठाउन थालियो । अमाली व्यवस्थाको अन्त्यपछि स्थापना भएको तालुकदारी व्यवस्थामा जिम्मुवाल र मुखिया भन्ने दुई पदको सृजना गरिएको थियो । यसरी सृजना गरिएका दुवै पदमा रहने व्यक्तिको मुख्य उद्देश्य कर सङ्कलन गर्नु भए तापनि कार्यक्षेत्र र काममा भने अन्तर थियो । सामान्य रूपमा हेर्दा तलुकदारहरूको काम भूमिकर सङ्कलन गर्ने मात्र जस्तो देखिए तापनि समाजमा यिनीहरूको अधिकार क्षेत्र असीमित रहेको थियो ।

जिम्मुवाल र मुखिया पदमा नियुक्त हुने व्यक्तिलाई सरकारी रकम हिनामिना गरेको वा चोरीको अभियोग लागेको हुनु हुँदैनथ्यो साथै त्यो पद सन्. १९११ मा एकअर्कोमा सार्न र बेच्न प्रतिबन्ध लगाइएको थियो (उपाध्याय, २०५२ : २०७) । यसबाट के देखिन्छ भने यी पदमा नियुक्त हुने व्यक्ति नैतिकवान हुनुपर्ने साथै आफ्नो पदलाई मनोमानी ढंगबाट बेचविखन गर्ने छुट थिएन । जिम्मुवालहरूले केवल पाखो जग्गा जहाँ धान खेती गरिँदैनथ्यो वा पानीमा फल्ने खेती धानको उब्जनी हुँदैनथ्यो, त्यसको मात्र तिरो सङ्कलन गर्ने गर्दथे । त्यसैगरी मुखियाले खेतको वा सिंचाई हुने जमिनको तिरो उठाउने गर्दथे । तालुकदारहरूका लागि तिरो सङ्कलन गर्न निश्चित क्षेत्र कायम गरिएको हुन्थ्यो । त्यस्तो निर्धारित क्षेत्रलाई मौजा वा थुम भनिन्थ्यो । यिनीहरूको काम कर सङ्कलन गर्नु हुन्थ्यो ।

तालुकदारहरू पूर्ण रूपमा सरकारी कर्मचारी नभई सरकारबाट नियुक्त प्रतिनिधि हुन्थे । तिनीहरूलाई सरकारी कर्मचारी मानिदैनथ्यो । उनीहरूलाई किन सरकारी कर्मचारी मानिदैनथ्यो भन्नेबारे पाठकवर्गमा जिज्ञासा नरहोस् भन्नका लागि यसबारे छोटो चर्चा गर्ने प्रयास गरिएको छ । तिनीहरूको नियुक्ति स्थानीय ब्यक्तिको बहुमतको निर्णयमा वडाहाकिमले गर्दथे जो कर्मचारीभन्दा अलग विशेषता हो । अर्को उनीहरूको पद वा दर्जा वंशपरम्परागत हुने गर्दथ्यो । श्री ३ नेपाल सरकार, जग्गा पजनीको मुलुकी ऐन १९३२ वि सं. भाग ३, पृ ३८)' यसवाट के देखिन्छ भने कामगर्न राम्रोसँग जान्ने भयो अथवा जनताको र वडाहाकिमको भनाई राम्रोसँग मान्ने गऱ्यो भने त्यो पद वंशाणुगत हुन्थ्यो तरा यी कुरा भएनन् भने पजनीका माध्यमबाट उनीहरूको पद तत्कालै जान सक्थ्यो ।

उनीहरूको तलव निश्चित रूपमा तोकिएको हुँदैनथ्यो । त्यासे नभए पनि उनीहरूले जनताबाट अशुल गरेको तिरोबाट केही प्रतिशत रकम राख्न पाउँदथे । यसका अतिरिक्त उनीहरूले अप्रत्येक्ष रूपमा अनेक चिजहरू जनताबाट अशुल गर्ने गर्दथे । कर्मचारीको कार्यक्षेत्र निश्चित तोकिएको हुन्थ्यो तर तालुकदारहरूले भने आफूलाई जिम्मा लगाएको अधिकार र कार्यक्षेत्रभित्रका सम्पूर्ण कार्य गर्न र निर्णय दिन सक्दथे । त्यति अधिकार कुनै पनि कर्मचारीले पाउन सम्भव थिएन । त्यसैले यिनलाई सरकारी कर्मचारी नभनी सरकारी प्रतिनिधिका रूपमा हेर्ने गरिन्थ्यो । राणाकालमा पनि स्थानीय जनतालाई कुनै कुनै महत्त्वपूर्ण निर्णय गर्ने अधिकार दिएको हुन्थ्यो । जस्तो कुनै कारणबस नयाँ तालुकदार छान्नु परेमा त्यस क्षेत्रका जमिन्दारहरूको बहुमतले नयाँ तालुकदार छन्न सक्दथे (श्री ३ नेपाल सरकार, सिन्धुपलान्चोक मालको सवाल वि.सं १९३४, भाग ३, सेक्सन ९९ पृ. ३९) क यसबाट के देखिन्छ भने जनतासँग प्रत्यक्ष सरोकार रहेका काम गर्दा केही मात्रामा भए पनि जनभावनाको कदर गर्नु पर्दछ भन्ने सोँचको विकास राणा शासकहरूमा पनि भएको देखिन्छ ।

स्थानीय जनताबाट छानिएका व्यक्तिलाई बडाहाकिमले मुखिया वा जिम्मुवालमा नियुक्त गर्ने गर्दथे । त्यो पदको निश्चित पदावधि तोकिएको हुँदैन्थ्यो । जनभावना अनुरूप काम गरेमा त्यो पद सन्तान दरसतानसम्म रहिरहन्थ्यो भने जनभावनाको कदर गर्न नसकेको खण्डमा तत्कालै बदर पनि हुने गर्दन्थ्यो । यसरी छानिएका तालुकदारहरू स्थानीय व्यक्तिहरू नै हुने गर्दथे । जसको व्यवस्था मुलुकी ऐनमा गरिएको थियो (श्री ३ नेपाल सरकार रकम वन्दोवस्तीको ऐन, वि. सं १९९२, भाग २ पृ. २३) । उनीहरूले उठाएको करमध्ये के कति रकम ती तालुकदारहरूले पाउँदथे भन्ने सम्बन्धमा जिम्मुवालले १०५ रूपैयाँ कर सङ्कलन गरेमा ५ रूपैयाँ र मुखियाले १०३ रूपैयाँ कर सङ्कलन गरेवापत ३ रूपैयाँ कमिसनको रूपमा आफूले पाउने गर्दथे (पाण्डे, २०२२ : ५३) । तालुकदारी प्रथामा व्यवस्था गरिएका मुखिया र जिम्मुवाल पदका बारेमा ऐनमा नै उल्लेख गरिएको हुन्थ्यो । त्यसैगरी उनीहरूको पारिश्रमिक भने सङ्कलन हुने करको प्रतिशतका आधारमा तोकिएको हुन्थ्यो । यस्तो दर समय समयमा घटबढ भइरहन्थ्यो । त्यसरी यहाँ मुखिया र जिम्मुवालको सामान्य परिचय थाहा पाएपछि उनीहरूले गर्ने काम के के हुन् र कस्तो समयमा उनीहरू आफ्नो पदबाट मुक्त हुन्छन् भन्नेबारे विवरण यस प्रकार रहेको पाइन्छ ।

(क) तोकिएको समयभित्र मालपोत सङ्कलन गरी माल कार्यालयमा दाखिला गर्ने ।

(ख) मालपोत दाखिला नगर्ने मोहीको जग्गा पजनीको लागि लेखी पठाउने ।

(ग) प्रति जग्गामा वस्ती बसाली उब्जनीको साथै मालपोत बृद्धि गर्ने ।

(घ) आफ्नो मौजा तथा थुंमभित्र आइपर्ने पञ्चखतबाहेकका मुद्दाहरूको किनारा लगाउने ।

(ङ) आफ्नो क्षेत्रभित्र कुनै अशान्ति हुन नदिने ।

(च) सरकारको विरुद्ध कुनै गडवढी देखिएमा तुरुन्त रोक लगाउने ।

(छ) अड्डाबाट कहिले काहीँ कुनै कर्मचारी गाँउटोलमा गएमा उसको काममा सहयोग गर्ने ।

(ज) अदालतबाट कुनै व्यक्तिलाई गिरफ्तार गर्न गएका सिपाहीहरूलाई सहयोग गर्ने ।

(झ) स्थानीय तहका समस्या जस्तै बाटोघाटो, खानेपानी, पधेरो पाटीपौवा, मठमन्दिर आदिको मर्मनत सम्भार र निर्माणको व्यवस्था मिलाउने । (दण्ड सजाएको मुलुकी ऐन, वि सं १९९२, भाग १ सेक्सन १९)

यसरी हेर्दा मुखिया र जिम्मुवालहरूको पद अधिकार र कर्तव्यले चुलिएको पाइन्छ भने पद प्राप्तिको जोसमा होस गरिएन भने पद हावामा सुकाएको सातु जसरी उड्न सक्छ भन्ने कुरा तल उल्लेख गरिएका वखासितको व्यवस्थाबाट बुझ्न सकिन्छ :

(क) तालुकदारले ऐनवमोजिम काम नगरेमा र अपराधीलाई बचाउने काम गरेमा पनि ऊ खारेज हुन सक्दथ्यो ।

(ख) आफ्नो पदबाट राजिनामा दिएमा (तालुकदारले आफ्नो पदबाट राजिनामा दिन सक्दथे तर यसरी राजिनामा दिँदा श्रीपञ्चमी र दशैंका बीचमा मात्र दिनुपर्दथ्यो ।)

(ग) कुनै सन्तान नभएमा ।

(घ) जनताको इच्छा जित्न नसकेमा ।

(ङ) तोकिएको कर समयमा तामिल गर्न नसकेमा ।

(च) जनतामाथि अनावस्यक भ्रष्टाचार गरेमा ।

(छ) वडाहाकिमको निर्देशन कडाइका साथ पालना नगरेमा ।

(ज) सरकार विरोधी क्रियाकलापमा सामेल भएको पाइएमा । (दण्ड सजाएको मुलुकी ऐन ,वि सं १९९२ भाग १ सेक्सन १९ पृ १९५)

यसरी तालुकदारी व्यवस्थाअन्तरगत जिम्मुवाल तथा मुखियाको व्यबस्था गरिएको हुन्थ्यो । त्यो व्यवस्था राणाकालको अन्त्यपछि पनि व्यापक रूपमा कायम रहेकोमा पञ्चायतकालको शुरुदेखि वैज्ञानिक तरिकाले जग्गाको नापी गर्दै भएका जग्गाको लालपूर्जा जनतालाई दिँदै लालपूर्जाको आधारमा सिधै सरकारबाट नियुक्त कर्मचारीले मालपोत सङ्कलन गर्ने व्यवस्था मिलाइ मुखिया जिम्मुवालको उन्मुलन गर्दै गएको भए तापनि पञ्चायती व्यवस्थाको अन्यसम्म खासगरी पहाडी जिल्लाहरूमा यो व्यवस्थाको प्रभाव रहेको थियो । हाल आएर यो व्यवस्था इतिहासको एउटा जान्नयोग्य प्रशासनिक विषयवस्तु बन्न पुगको छ ।

## निष्कर्ष

भूमिकर सङ्कलन व्यवस्था नेपालको सबैभन्दा पुरानो राज्यले राष्ट्रिय आयआर्जन गर्ने व्यबस्था हो । देशको आम्दानीको मुख्य श्रोतको रूपमा जनताबाट भूमिकर सङ्कलन गर्ने त्यो व्यवस्था परम्परा देखिका सवै शासकहरूले आ-आफ्नै तरिकाले अवलम्वन गर्ने गरेको देखिन्छ । त्यसरी अवलम्वन गरिएका व्यवस्थाहरूमध्ये पहाडी जिल्लहरूको भूमिकर सङ्कलन गर्नेगरी चन्द्रशमशेरको समयसम्म कायम रहेको एउटा व्यवस्था अमाली व्यवस्था हो । श्री ३ चन्द्रशमशेरले आफ्नो कार्यकालमा त्यो व्यवस्था खारेज गरी पहाडी जिल्जाहरूको भूमिकर सङ्कलन गर्न नयाँ सोँचका साथ तालुकदारी व्यवस्था लागु गरेका थिए । तालुकदारी व्यवस्थामा मुखिया र जिम्मुवाल दुई पदको व्यबस्था गरिएको थियो । मुखियाको पदमा नियुक्त हुने व्यक्तिले पाखोवारीको तिरो भूमिकर सङ्कलन गर्दथे भने जिम्मुवाल पदमा नियुक्त हुने व्यक्तिले जलखेती वा सिंचाई हुने धान खेतको भूमिकर सङ्कलन गर्दथे । मुखिया र जिम्मुवाल पद नियुक्ति बर्खास्ती, अधिकार र कर्तव्यको हिसावले प्रचलनमा रहेका अरू कुनै पनि पदहरू भन्दा फरक पद थिए । भूमिपति र आम जनताको समर्थन प्राप्त व्यक्ति बडाहाकिमबाट

मुखिया र जिम्मुवाल पदमा नियुक्ति गरिन्थे । जनसमर्थन र बडाहाकिमको विश्वास बँचाई राख्न सकेमा यो पद वंशपरम्परागत हुने गर्दथ्यो भने ती दुई कुरा गुमेको अवस्थामा पद पनि गुम्ने गर्दथ्यो । नियुक्ति हेर्दा भूमिकर सङ्कलनको जिम्मा दिएको जस्तो देखिए तापनि ती पदमा नियुक्त व्यक्तिहरूले पञ्चखत बाहेकका सबै मुद्दा हेर्ने र निर्णय दिने अधिकार समेत पाएको देखिन्छ । तिनीहरू गाउँटोलका झण्डैझण्डै छोटेराजा वा उनका उत्तराधिकारी जस्तै हुने गर्दथे । पञ्चायती व्यवस्थाको उत्तरार्धतिर भूमिको वैज्ञानिक नापनक्सा गरी मालपोत सङ्कलनको जिम्मा स्थानीय तहका सरकारी कर्मचारीहरूलाई दिने व्यवस्था गरिएको भए तापनि पञ्चायतकालको अन्त्यसम्म नै मुखिया जिम्मुवालहरूको दवदवा आफ्नो टोल मौजामा कायम रहँदै आएको थियो ।

## सन्दर्भ सूची

उपाध्याय, श्रीरामप्रशाद (२०५२). *नेपालको सामाजिक आर्थिक तथा प्रशासनिक इतिहास,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

पाण्डे, भीमबहादुर (२०३२). *त्यस बखतको नेपाल (भाग ५).* ललितपुर : साझा प्रकाशन ।

यादव, पिताम्वरलाल (२०४६). *नेपालको राजनैतिक इतिहास.* विहार भारत : विजयकुमार ।

शतिसकुमार (१९७६). *राणा पोलीटी इन नेपाल*। बम्बै भारत : एशियन पब्लिसिङ हाउस ।

शर्मा, देवीप्रशाद (२०४८). *आधुनिक नेपालको इतिहास.* काठमाडौं : रत्नपुस्तक भण्डार ।

**अप्रकाशित मुलुकी ऐनहरू**

श्री ३ दण्ड सजाएको मुलुकी ऐन वि. सं. १९९२, भाग १, सेक्सन १९ ।

श्री ३ नेपाल सरकार, जग्गा पजनीको मुलुकी ऐन, वि. सं.१९३२, भाग ३, सेक्सन २१ ।

श्री ३ नेपाल सरकार, रकम बन्दोवस्तिको मुलुकी ऐन वि. सं. १९९२, भाग २ ।

श्री ३ नेपाल सरकार, सिन्धुपलाञ्चोक मालको सवाल, वि सं. १९३४, सेक्सन ९९ ।